**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०४ जनवरी २०२६

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डावियाले आज सिलगढीमा दार्जिलिङ चिया उद्योग र सिन्कोना बगानका सरोकारवालाहरूसँगको एक महत्त्वपूर्ण बैठकको अध्यक्षता गर्नु भयो।
- दार्जीलिङका सांसद राजु विष्टले तृणमूल कांग्रेस सरकारले चिया श्रमिकहरूलाई सम्मानजनक ज्याला, उनीहरूको पुर्ख्यौली भूमिमा पर्जा पट्टाको अधिकारबाट वञ्चित गरेको बताउनु भएको छ।
- बलिवुडका महान संगीतकार आर.डी. बर्मन- को पुण्यतिथिको अवसरमा आज पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले उनलाई श्रद्धाञ्जली अर्पण गर्नु भेको छ।
- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआर अन्तर्गत चलिरहेको सुनुवाइ प्रक्रियामा कुनै पनि राजनीतिक हस्तक्षेप विरुद्ध निर्वाचन आयोगले कडा अडान लिएको छ।
- भारतीय जनता पार्टीले ममता ब्यानर्जीको शासनकालमा पश्चिम बंगालमा पश्चिम बंगलादेश जस्तै अवस्था बिस्तारै वास्तविकता बन्दै गइरहेको बताएको छ।

**मनसुख मण्डाविया- सिलगढी**

केन्द्रीय श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डावियाले आज सिलगढीमा दार्जिलिङ चिया उद्योग र सिन्कोना बगानका सरोकारवालाहरूसँगको एक महत्त्वपूर्ण बैठकको अध्यक्षता गर्नु भयो। बैठकमा दार्जिलिङका सांसद राजु विष्ट र अलिपुरद्वारका सांसद मनोज टिग्गा लगायत स्थानीय नेताहरू उपस्थित थिए। बैठकमा चिया उद्योग र सिन्कोना बगानलाई पुनर्जीवित र सुदृढ पार्न र कामदारहरूको अधिकारको रक्षा गर्न द्रुत र प्रभावकारी कदम चाल्ने आवश्यकतामाथि विशेष छलफल गरिएको थियो। बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्र सरकारले लागू गरेको चार नयाँ श्रम संहिता दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रका चिया र सिन्कोना कामदारहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य रहेको वताइएको छ। ज्याला संहिताहरूले सम्मानजनक र समयमै ज्यालाए  पुरुष र महिला दुवैको लागि समान ज्याला र अत्यधिक कटौतीमा कमी सुनिश्चित गर्नेछन्।

*केन्द्रीय मन्त्री मण्डावियाले भन्नु भयोए नयाँ श्रम संहिता अनुसार कुनै पनि कामदारलाई न्यूनतम ज्यालाभन्दा कम ज्याला दिइने छैन र पश्चिम बंगाल सरकारले यसलाई लागू गर्न आवश्यक हुनेछ। सामाजिक सुरक्षा संहिताले कामदारहरूलाई भविष्य निधि, स्वास्थ्य बीमाए मातृत्व लाभए पेन्सन र दुर्घटना बीमाको दायरा विस्तार गर्नेछ। व्यावसायिक सुरक्षा, स्वास्थ्य र कार्य अवस्था संहिताले बगानमा काम गर्ने र आवासको अवस्था सुधार गर्नेछ जबकि औद्योगिक सम्बन्ध संहिताले कामदार र व्यवस्थापन बीच पारदर्शी र सन्तुलित सम्बन्धलाई प्रवर्द्धन गर्नेछ। यसबाहेक केन्द्रीय मन्त्रीले कामदारहरूलाई उनीहरूको मागलाई सम्बोधन गर्दै दार्जिलिङमा चाँडै श्रम अदालत स्थापना गरिने आश्वसन दिनु भएको छ।*

**जोइन्ट फोरम**

हिल जोइन्ट फोरमको तर्फबाट एचपीडब्ल्यु केन्द्रीय समिति अध्यक्ष  बी के राईले केन्द्रीय मन्त्री मनसुख माण्डविया समक्ष पहाडको चियाबारीको विभिन्न समस्याहरूबारे जानकारी गराउदै ज्ञापनपत्र सुम्पिनु भएको छ। आजको अन्तरक्रिया कार्यक्रमा दार्जीलिङ पहाडको तर्फबाट हिमालयन प्लान्टेसन वर्कर्स युनियन, गोजमुमो ट्रेड युनियन, क्रामपा ट्रेड युनियन अनि हिल बिजेपी ट्रेड युनियनका प्रतिनिधिबर्ग उपस्थित रहेका थिए।

**राजु विष्ट**

दार्जीलिङका सांसद राजु विष्टले तृणमूल कांग्रेस सरकारले चिया श्रमिकहरूलाई सम्मानजनक ज्याला, उनीहरूको पुर्ख्यौली भूमिमा पर्जा पट्टाको अधिकारबाट वञ्चित गरेको बताउनु भएको छ। उहाँले एक प्रेस विज्ञप्ति जारी गर्नु हुँदै आज केन्द्रीय

श्रम तथा रोजगार मन्त्री मनसुख मण्डावियाद्वारा दार्जिलिङ जिल्लाको सिलगढीमा चिया उद्योग र सिन्कोना बगैंचाका सरोकारवालाहरूसँग आयोजित बैठकमा आफुले पनि भाग लिएको बताउनु भयो। उहाँले बैठकमा चिया उद्योग र सिन्कोना बगैंचालाई पुनर्जीवित गर्न र कामदारहरूको अधिकारको रक्षा गर्न उपयुक्त कदम चाल्नुपर्ने तत्काल आवश्यकतालाई प्रकाश पारिएको बताउनु भएको छ। विज्ञप्तिमा उहाँले भन्नु भएको छ, दशकौंदेखि, पहाड भारतको पहिलो औद्योगिक क्षेत्र रहेको भए तापनि यस ऐतिहासिक चियाबारी क्षेत्रका कामदारहरूले पुरानो, औपनिवेशिक युगको श्रम अभ्यासबाट पीडित छन्। तृणमूल कांग्रेस सरकारले उनीहरूलाई सम्मानजनक ज्याला, उनीहरूको पुर्ख्यौली भूमिमा पर्जा पट्टाको अधिकारबाट वञ्चित गरेको छ र आधारभूत सुविधाहरूबाट वञ्चित गरेको छ। उहाँले चिया उद्योगमा काम गर्ने हाम्रा हजारौं दाजुभाइ दिदी बहिनीहरू आज बगान बन्द भएकोए समयमै ज्याला नपाएकोए उनीहरूको पेन्सन र वैधानिक सुविधाहरूबाट वञ्चित भएको कारण पीडित छन्।

**ममता ब्यानर्जी- आर. डी. बर्मन श्रद्धाञ्जली**

बलिवुडका महान संगीतकार राहुल देव बर्मन (आर.डी. बर्मन)- को पुण्यतिथिको अवसरमा आज पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले उनलाई श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। मुख्यमन्त्रीले सोशल मीडियामा पोस्ट साझा गर्नु हुँदै भन्नु भयोए राहुल देव बर्मनलाई उनको अविस्मरणीय धुन तथा गीतहरूको लागि सदैव स्मरण गरिनेछ। उहाँले आफ्नो सन्देशमा भन्नु भयोए आर.डी. बर्मन भारतीय संगीतका यस्ता स्तम्भ थिए जसका रचनाहरू आज पनि संगीत प्रेमीहरूको हृदमा जीवित छन्। मुख्यमन्त्रीले भन्नु भयो उनले बनाएका धुनहरू समय-सीमादेखि टाड़ा छन् र भावी पिँढ़ीलाई पनि प्रेरित गरि रहनेछन्।

**सिलगढी- मेयर गौतम देव**

सिलगढी नगर निगमका मेयर गौतम देवले आज शहरको विधान मार्केट र खुदिरामपल्ली क्षेत्रहरूमा जनसम्पर्क कार्यक्रममा भाग लिनु भयो। यस कार्यक्रमको क्रममा उहाँले विधान मार्केट अनि खुदिरामपल्लीका व्यापारीहरू र स्थानीय बासिन्दाहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्नु भयो भने उनीहरूको समस्या र कल्याणको बारेमा कुराकानी गर्नु भयो। उहाँले व्यापार र दैनिक जीवनमा आइपर्ने कठिनाइहरूए साथै नागरिक सेवाहरूसँग सम्बन्धित मुद्दाहरूको बारेमा उनीहरूको विचारहरू रूपमा सुन्नु भयो। स्थानीय बासिन्दाहरूसँग अन्तरक्रिया गर्ने क्रममा मेयर गौतम देवले यो कार्यक्रमको राजनीति वा कुनै पनि प्रकारको राजनीतिक प्रचारसँग सम्बन्ध नरहेको बताउनु भयो। उहाँले भन्नु भयो यो राजनीति होइनय मेरो उद्देश्य जनताको साथमा उभिनु हो। आम जनताको समस्या सुन्नु र समाधान गर्ने प्रयास गर्नु मेरो जिम्मेवारी हो। यस अवसरमा मेयरले खुदिरामपल्लीको एउटा घरको पनि भ्रमण गर्नु भयो जहाँ उहाँले आफ्नो विगतको सम्झना गर्नु भयो।

**आईआईटी- खडकपुर**

भारतीय प्रविधि संस्थान आईआईटी खड़गपुरमा युवा नवप्रवर्तक कार्यक्रमको सातौं संस्करण आज एक पुरस्कार समारोहको साथ सफलतापूर्वक सम्पन्न भयो। कार्यक्रममा देशभरका विद्यालयका विद्यार्थीहरूले नवीन क्षमताए रचनात्मक सोच र सामाजिक सरोकारहरू प्रदर्शन गरेका छन्। विद्यार्थीहरूलाई सम्बोधन गर्नु हुँदै केन्द्रीय शिक्षा राज्यमन्त्री डा. सुकान्त मजुमदारले उनीहरूलाई सामाजिक चुनौतीहरूलाई सम्बोधन गर्न जिज्ञासु रहन, प्रश्न सोध्न र नवीनता अपनाउन आग्रह गर्नु भयो। उहाँले युवा शक्तिले देशको भविष्यलाई आकार दिने बताउनु भयो। यस अवसरमा आई.आई.टी खड़गपुरका निर्देशक प्रा. डा. सुमन चक्रवर्ती लगायत अन्यको उपस्थिति रहेको थियो।

*युवा नवप्रवर्तक कार्यक्रम आईआईटी खड़गपुरको प्रमुख आउटरिच पहल होए जसको उद्देश्य स्कूलका विद्यार्थीहरूलाई वास्तविक जीवनका समस्याहरूसँग संलग्न गराउनु अनि सल्लाहकारए सहकार्य र अनुभवात्मक सिकाइ मार्फत रचनात्मक समाधानहरू विकास गर्नु हो। यस वर्ष देशभरका विभिन्न विद्यालयका विद्यार्थीहरूले उत्साहजनक रूपमा भाग लिएका थिए। कार्यक्रम खाद्य सुरक्षाए शिक्षामा नवीनताए दिगो वातावरणए दिब्यङ्ग भएकाहरूका लागि प्रविधिए र शुलभ स्वास्थ्य समाधान जस्ता विषयहरूमा केन्द्रित थियो। पुरस्कार विजेताहरूमध्येए वरिष्ठ श्रेणीमा पहिलो पुरस्कार विलाय रेभलाई प्रदान गरिएको थियोए जबकि दोस्रो पुरस्कार सोनोस्टेपलाई अनि तेस्रो पुरस्कार संयुक्त रूपमा प्याचडेभ्स र हाइजिन ह्याकरहरूलाई प्रदान गरिएको थियो। यसरी नै जुनियर श्रेणीमाए स्लम्बरलाई पहिलो ट्रिबोटिक्स जीबीजी क्रूलाई दोस्रो अनि बीजीकेभी धन्यगरणलाई तेस्रो पुरस्कार प्रदान गरिएको थियो।*

**केशवराज पोख्रेल**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रीय प्रवक्ता केशवराज पोख्रेलले आज ३१३ शिक्षकहरूको मामिला न्यायालय अधिनस्थ रहेको बताउनु भेको छ। उहाँले यो बिषयलाई राजनीतिक हावा दिनु नमिल्ने बताउनु हुँदै ३१३ शिक्षकको पक्षमा न्याय हुनेमा बिश्वास जताउनु भयो। यस अघि पोख्रेलले आज ३१३ बारे आफ्नो बयान राख्ने घोषणा गर्नु भएको थियो।

**एसआईआर- निर्वाचन आयोग**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआर अन्तर्गत चलिरहेको सुनुवाइ प्रक्रियामा कुनै पनि राजनीतिक हस्तक्षेप विरुद्ध निर्वाचन आयोगले कडा अडान लिएको छ। आयोगले राज्यका मुख्य निर्वाचन अधिकारीलाई सुनुवाइ सत्रहरूमा बुथ-स्तरीय एजेन्ट वा कुनै पनि राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थिति पूर्ण रूपमा निषेध गर्न निर्देशन दिएको छ। एक अधिकारीले आज बिहान भन्नु भयो राज्यमा चलिरहेको सुनुवाइ चरण तीन चरणको विशेष गहन संशोधन प्रक्रियाको दोस्रो चरण हो। हुगली र कुचबिहार जिल्लाहरूमा अवरोधहरूको आरोपको बीचमा आयोगको निर्देशन आएको हो। राज्य मन्त्रिपरिषद्का एक वरिष्ठ सदस्य सहित सत्तारूढ तृणमूल कांग्रेसका तीन विधायकहरूले हस्तक्षेप गरेको र जबरजस्ती सुनुवाइ सत्रहरू बन्द गरेको आरोप छ।

*स्रोतका अनुसार यी विधायकहरूले सुनुवाइ कक्षमा आफ्नो पार्टीका बुथ-स्तरीय एजेन्टहरूको प्रवेश र उपस्थितिको माग गरेका छन्। यो मागले विवाद निम्त्यायो र सुनुवाइ प्रक्रियामा बाधा पुऱ्यायो। निर्वाचन आयोगले मुख्य निर्वाचन अधिकारीको कार्यालयलाई जिल्लापाल र जिल्ला निर्वाचन अधिकारीहरूलाई स्पष्ट निर्देशन जारी गर्न पनि निर्देशन दिएको छ। यदि कुनै जिल्लामा सुनुवाइ सत्रलाई जबरजस्ती रोक्ने वा हस्तक्षेप गर्ने प्रयास गरिएको छ भने ए तुरुन्तै आवश्यक कारबाही गरिनुपर्छ। मुख्य निर्वाचन अधिकारी कार्यालयका एक वरिष्ठ अधिकारीले आयोगले आफ्नो निर्देशनमा कुनै पनि दलका बुथ-स्तरीय एजेन्टहरूद्वारा हुने कुनै पनि राजनीतिक हस्तक्षेपलाई पूर्ण रूपमा हटाउनु आवश्यक रहेको स्पष्ट पारेको बताउनु भएको छ। यसअघि ए निर्वाचन आयोगले मतदाता सूची दावी र आपत्तिहरूसँग सम्बन्धित सुनुवाइमा आफ्ना बुथ-स्तरीय एजेन्टहरूलाई समावेश गर्ने तृणमूल कांग्रेसको मागलाई अस्वीकार गरेको थियो।*

**भाजपा- ममता ब्यानर्जी**

भारतीय जनता पार्टीले आज सामाजिक सञ्जालमा एक पोस्ट गर्दै ममता ब्यानर्जीको शासनकालमा पश्चिम बंगालमा पश्चिम बंगलादेश जस्तै अवस्था बिस्तारै वास्तविकता बन्दै गइरहेको बताएको छ। पार्टीले पश्चिम बंगाल राज्यको ममता ब्यानर्जी सरकारमाथि गम्भीर आरोप लगाएको छ। पार्टीले भनेको छ आज देखा पर्ने विषयहरू १९४६ का होइनन् तर २०२५-२६ का हुन् जसले राज्यको वर्तमान अवस्थालाई प्रतिबिम्बित गर्दछ। भाजपाका अनुसार लक्षित व्यक्तिहरूको एकमात्र अपराध भनेको उनीहरूको धार्मिक पहिचान कायम राख्नु हो। पोस्टमा भाजपाले यो पनि दाबी गरेको छ बंगलादेशमा देखिएका इस्लामिक कट्टरपन्थी प्रवृत्तिहरू पश्चिम बंगालमा पनि देखिन थालेका छन् र राज्यमा हिन्दूहरू विरुद्ध हिंसा र अतिवाद बढ्दै गएको छ। पार्टीले दुवै क्षेत्रको अवस्थाको तुलना गरेर चिन्ता व्यक्त गरेको छ।

**कालेबुङ शिलान्यास**

क्षेत्रको पूर्वाधार विकास तथा पर्यटन प्रवर्द्धनलाई उल्लेखनीय टेवा पुऱ्याउने उद्देश्यसहित आज कालेबुङ जिल्लाको ४२ नम्बर समष्टि क्षेत्रमा आयोजित एक औपचारिक कार्यक्रममा विभिन्न महत्वपूर्ण सडक तथा पर्यटनसम्बन्धी परियोजनाहरूको शिलान्यास गरिएको छ। शिलान्यास गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) तथा पश्चिम बङ्गाल सरकार अन्तर्गत सम्बन्धित विभागहरू मार्फत भएको हो। शिलान्यास कार्यक्रम कालेबुङका विधायक रूदेन सादा लेप्चाको विशेष उपस्थितिमा सम्पन्न भयो। विधायक लेप्चाले क्षेत्रको सामाजिक–आर्थिक विकासका लागि सुदृढ सड़क सञ्जाल र दिगो पर्यटनको महत्त्वमाथि जोड दिनु भयो। कार्यक्रममा जी टी ए - का उपमुख्य कार्यपाल सञ्चबीर सुब्बा प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।

**मिरिक – सडक निर्माण**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अन्तर्गत मिरिक इन्जिनियरिङ डिभिजनद्वारा मिरिक बस्ती डुप्टिन ग्राम पञ्चायतको मरमा चियाबारीस्थित बिजेन्द्र सेवाको घरदेखि ठटाल गाउँ हुँदै मालती राईको घरसम्म सडक निर्माण कार्य शुरू भएको क्षेत्रीय सभासद

मिलेश राईले जानकारी गराउनु भएको छ। यस अवसरमा पत्रकारहरूसँग कुराकानी गर्नु हुँदै सभासद राईले विकास निर्माणका कार्यलाई प्राथमिकतामा राखेर अघि बढिरहेको जीटीए कार्यपाल अनित थापाप्रति आभार प्रकट गर्नु भयो। उहाँले स्थानीयवासीहरूका लागि अत्यन्तै महत्वपूर्ण मानिएको यस सडक निर्माण कार्य सम्पन्न भएपछि ठटाल गाउँसहित वरिपरि क्षेत्रको आवागमन सहज हुने बताउनु भएको छ।

## आईजीजेएफ

इण्डियन गोर्खा जनशक्ति फ्रण्डका केन्द्रिय सदस्य गोपाल परियारले कश्मिर जस्तो मुद्दामा काम गर्न सक्ने भाजपाले गोर्खाको मुद्दासंग खेलवाड गरेको छ बताउनु भएको छ। उहाँले विगत 2009 देखि  दार्जीलिङ पहाडबाट भाजपाका उम्मेद्वारलाई सांसद बनाउदै आए तापनि हालसम्म गोर्खाको जातिय मुद्धालाई लिएर काम नगरिदिएको बताउनु भएको छ।

## कालेबुङ- प्याराग्लाइडिङ

पर्यटन व्यवसायलाई टेवा दिन अनि आफ्नै क्षेत्रमा रोजगारको सृजना गर्ने उद्धेश्यले कालेबुङ जिल्ला अन्तर्गत 42 नम्बर समष्टि याङमाकुम ग्राम पञ्चायतको कम्बल बस्तीमा पासाङ लामाले मञ्जुश्री प्याराग्लाइडिङको शुभारम्भ गर्नु भएको छ। यस क्षेत्रमा पर्यटन व्यवसायलाई बढोत्तरी गर्न एवं पर्यटकहरूलाई आकर्षित गर्न निर्मित पन्बु सेल्फी डाँड़ा,  मञ्जुश्री धीम आदि हाल आकर्षणको केन्द्रविन्दु बन्दै आइरहेको छ। त्यसैमा साहसिक एडभेन्चर मानिने प्याराग्लाइडिङले यति बेला पहाडका विभिन्न स्थानमा फस्टाउने मौका पाइरहेको छ साथै आकर्षणको प्रमुख केन्द्र बन्दै गइरहेको समय मञ्जुश्री प्याराग्लाइडिङ क्षेत्रको निम्ति थप उपलब्धि मान्न सकिन्छ।

## भागोप्रमो

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा केन्द्रीय महासचिव अमर लामाले खरसाङको घैयाबारी क्षेत्रको दुई दिवसीय भ्रमणको क्रममा पार्टी कार्यकर्ताहरुसित भेटघाट गरी सांगठनिक गतिविधि विषयमा चर्चा परिचर्चा गर्नु भयो। यस क्रममा उहाँले पहिलो दिन पार्टीका प्रतिनिधिहरु पञ्चायत सदस्य पञ्चायत समतिहरुसँग भेटघाट गरेका गर्नु भयो भने दोस्रो दिन घैयाबारी प्राथमिक स्वस्थ्य केन्द्रको भ्रमण गर्नु हुँदै अस्पतालको समस्यहरुबारे  जानकारी लिएका लिनु भयो।

****** ० ******